# योजना छनौट तथा कार्यान्वयन प्रक्रिया निर्देशिका

## २०७५

(प्रदेश सरकार मन्त्रीपरिषदबाट मिति २०७५/०२/०९ मा स्वीकृत)

प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

प्रदेश नम्बर १

विराटनगर, नेपाल

Scanned by CamScanner

# योजना छनौट तथा कार्यान्वयन प्रक्रिया निर्देशिका

# २०७५

(प्रदेश सरकार मन्त्रीपरिषदबाट मिति २०७५/०२/०९ मा स्वीकृत)

**प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**प्रदेश नम्बर १**

**विराटनगर, नेपाल**

Scanned by CamScanner

# योजना छनौट तथा कार्यान्वयन प्रक्रिया निर्देशिका


**प्रदेश सरकार**

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नम्बर १

विराटनगर, नेपाल

२०७५




Scanned by CamScanner

# योजना छनौट तथा कार्यान्वयन प्रक्रिया निर्देशिका
# २०७५

प्रस्तावना:

भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा सेवाग्राही / उपभोक्ताहरुबाट प्राप्त हुन आउने योजनाका माँगहरुको उचित, वस्तुनिष्ठ, पारदर्शी एवं विधि सम्मतढंगले पहिचान तथा छनौट गरी उक्त योजनाहरुको छिटो, छरितो, मितव्ययी एवं गुणस्तरयुक्त ढंगले कार्यान्वयन गर्ने तथा निर्मित योजनाहरुको संचालन एवं दिगो व्यवस्थापन गर्ने उद्देश्यले यो योजना छनौट तथा कार्यान्वयन प्रक्रिया निर्देशिका २०७५ जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:
यस निर्देशिकाको नाम योजना छनौट तथा कार्यान्वय प्रक्रिया निर्देशिका २०७५ रहेको छ ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. योजना भन्नाले भौतिक पूर्वाधार निर्माण (सडक, सिंचाइ, पूल, जलउत्पन्न प्रकोप, खानेपानी, भवन निर्माण, शहरी विकास, उर्जा) सम्बन्धि निर्माण कार्यहरुलाई जनाउँदछ ।

ख. सेवाग्राही भन्नाले योजनाको क्षेत्रमा बसोबास गर्ने तथा योजना निर्माणबाट प्रत्यक्ष असर पर्ने मानिसहरुलाई जनाउँदछ ।

ग. उपभोक्ता संस्था भन्नाले योजनाको क्षेत्रका सेवाग्राही/उपभोक्ताहरुको समूहबाट प्रचलित कानून बमोजिम दर्ता भएको संस्थालाई जनाउँदछ ।

घ. मन्त्रालय भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जनाउँदछ ।

ङ. कार्यालय भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरुलाई बुझाउँदछ ।

च. बिशेष परिस्थिती भन्नाले अपरझट आइपर्ने प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो, भुइचालो, हावाहुरी, चटयाङ्ग, महामारी, आगलागी, सुखौरो आदीलाई बुझाउँदछ ।



Scanned by CamScanner

३. निर्देशिका पालना गर्नु पर्ने :

यो निर्देशिकाको पालना भौतिक पूर्वाधार विकास मन्त्रालय, मन्त्रालय मातहतका कार्यालयहरु तथा भौतिक पूर्वाधार विकास सम्बन्धि योजनामा संलग्न रहने सबै व्यक्ति तथा संघ संस्थाहरुले गर्नुपर्ने छ ।

४. निर्देशिकाको कार्य क्षेत्र :

यो निर्देशिकाको कार्यक्षेत्रमा प्रदेश नं. १ को प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत पर्ने क्षेत्रहरुसँग सम्बन्धित योजनाहरुको नयाँ निर्माण, मर्मत संभार, सुदृढिकरण, स्तर उन्नती, सर्वेक्षण, डिजाइन, सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन, प्रारम्भिक अध्ययन र गुरु योजना तर्जुमाहरु पर्नेछ ।

## परिच्छेद - २

## योजनाको माँग गर्ने विधि

२.१ योजना माँग गर्ने सेवाग्राही / उपभोक्ताले मन्त्रालय वा कार्यालयबाट उपलब्ध क्षेत्रगत विषयसँग सम्बन्धित योजनाहरुको माँग फारम (अनुसुची- १क, ख, ग, घ, ङ, च, छ) भरी मन्त्रालय वा कार्यालयमा अनिवार्य रुपमा माँग दर्ता गराउनु पर्नेछ ।

२.२ सेवाग्राही / उपभोक्ताले बजेट होइन विकास योजनाको माँग गर्नु पर्नेछ ।

२.३ योजना माँग गर्ने सेवाग्राही / उपभोक्ताहरुले योजना कार्यान्वयनको लागि सम्बन्धित निर्वाचन क्षेत्रको माननीय सांसदको सिफारिस पत्र (अनुसुची-२) पनि पेश गर्नु पर्नेछ ।

२.४ योजना माँग गर्ने सेवाग्राही / उपभोक्ताहरुले योजना कार्यान्वयनको लागि सहयोग गर्ने, लागत सहभागिता जनाउने र मर्मत संभार तथा संचालन आफैले गर्ने समूहले गरेको निर्णय (माईन्युट) सहितको प्रतिवद्धता जाहेर पत्र (अनुसुची-३) पनि पेश गर्नु पर्नेछ ।



Scanned by CamScanner

२.५ योजना माँग गर्ने सेवाग्राही / उपभोक्ताहरुले माँग फारममा उल्लेख भए बमोजिमका सबै विवरणहरु साथै पेश गर्नु पर्ने सबै कागजातहरु / प्रमाणहरु पनि अनिवार्यरुपले पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ३

## योजना पहिचान तथा छनौटका मापदण्डहरु

३.१ योजना माँग गर्ने सेवाग्राही / उपभोक्ताहरुले परिच्छेद २ को दफा २.१ देखि २.४ मा उल्लेख भए बमोजिमका सम्पूर्ण कागजात / प्रमाणहरु पेश भए नभएको ।

३.२ माँग भएको योजनाहरुको आवश्यकता, अपरिहार्यता र गम्भिर्यताको तुलनात्मक स्थिति ।

३.३ भौगोलिक क्षेत्रीय सन्तुलनको स्थिति ।

३.४ योजनाको लाभ र लागतको तुलनात्मक स्थिति ।

३.५ आर्थिक, सामाजिक वा साँस्कृतिकरुपले पिछिडिएको क्षेत्र वा वर्ग ।

३.६ विशेष परिस्थिति जन्य अवस्थाको स्थिति ।

३.७ प्रादेशिक वा क्षेत्रगत नीति तथा कार्यक्रमसँगको समिप्यता ।

३.८ योजना निर्माण पश्चातको स्वामित्व ग्रहण तथा योजनाको दिगो ब्यवस्थापनको स्थिति ।

३.९ योजनाको स्तर (आकार) वा परिमाण ।

## परिच्छेद – ४

## योजना कार्यान्वयन प्रक्रिया

### ४.१ सूचना प्रवाह गर्ने

(क) मन्त्रालय / कार्यालयहरुले योजना तथा कार्यक्रमको छनौट तथा कार्यान्वयन प्रक्रियाको बारेमा सर्वसाधारण सेवाग्राही, नीति निर्माता एवं राजनितिज्ञहरुलाई पत्रपत्रिका, सूचना पाटी, एफ.एम. रेडियो तथा गोष्ठी र सेमिनार आदीको माध्यमबाट जानकारी गराउनु पर्नेछ ।



Scanned by CamScanner

## ४.२ सेवाग्राहीबाट योजना माँग भई आउनु पर्ने

(क) सेवाग्राहीहरुले योजना माँग गर्दा मन्त्रालय / कार्यालयबाट उपलब्ध गराइने माँग फारम लिई सोमा उल्लेख भए बमोजिमको सम्पूर्ण विवरण भरी मन्त्रालय / कार्यालयमा बुझाउनु पर्नेछ ।

(ख) माँग निवेदनको साथमा आवश्यक कागजात र लाग्ने धरौटी वापतको रकम पनि बुझाउनु पर्नेछ (यदि धरौटी रकम आवश्यक भएमा) ।

## ४.३ योजनाको पहिचान तथा छनौट

(क) सेवाग्राहीबाट प्राप्त योजनाहरुको माँगको पहिचान एवं छनौट निश्चित मापदण्डको आधारमा गरिनेछ ।

(ख) पहिचान तथा छनौट गरिएको योजनाहरुलाई आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रमको सम्भाव्यता अध्ययन (Feasibility Study) को लागि समावेश गरिनेछ ।

## ४.४ सम्भाव्यता अध्ययनको प्राथमिकिकरण

(क) पहिचान एवं छनौट भएका योजनाहरुलाई आवश्यकता, अपरिहार्यता र गम्भिर्यताको आधारमा प्राथमिकिकरण (Prioritization) गरिनेछ ।

## ४.५ सम्भाव्यता अध्ययन **(Feasibility Study)**

(क) वार्षिक कार्यक्रममा समावेश भएका योजनाहरुको आवश्यक सम्भाव्यता अध्ययन कार्य मन्त्रालय / कार्यालयहरुले सम्पन्न गर्नेछ ।

(ख) योजनाको सम्भाव्यता अध्ययनको क्रममा सम्बन्धित सेवाग्राही/ उपभोक्ताहरुलाई अनिवर्यरुपले सहभागी गराइनेछ ।

(ग) योजनाको सम्भाव्यता अध्ययन विधि, एवं अध्ययन प्रतिवेदनको ढाँचा (Structure) मन्त्रालयले निर्धारण गरे बमोजिमको निश्चित स्तरको (Standard Table of Content) अनुरुपको हुनुपर्नेछ ।



Scanned by CamScanner

(घ) योजनाको सम्भाव्यता अध्ययनमा योजनाको सम्पूर्ण काम, योजना निर्माणमा आवश्यक जग्गाको उपलब्धताको शर्त, सेवाग्राही/उपभोक्ताको सहभागीताको शर्त एवं योजनाको मर्मत संभार र संचालनको शर्त जस्ता पक्षहरुलाई प्रष्ट गरी खुलाउनु पर्नेछ ।

(ङ) योजनाको सम्भाव्यता अध्ययनको चरणमा सेवाग्राही/उपभोक्ताहरुबाट प्रारम्भिक उपभोक्ता संस्था(Ad hock committee)को गठन भएको हुनु पर्नेछ (आवश्यक भएमा) ।

## ४.६ योजनाको स्विकृति ( **Project Appraisal**)

(क) योजना सम्भाव्यता अध्ययन भई प्राप्त भएको प्रतिवेदनलाई मन्त्रालयले आवश्यकअध्ययन, जाँच परिक्षण गरी मात्र स्विकृत गर्न सक्नेछ ।

(ख) यदि आवश्यक ठानेमा मन्त्रालयले योजनास्थलकोआवश्यक अध्ययन, निरिक्षणएवं विश्लेषणगर्न समेतसक्नेछ भने प्रतिवेदनमा केही सुधार गर्न पर्न भएमा सो गर्न लगाई मात्र प्रस्तावित प्रतिवेदनको स्विकृती गर्नेछ ।

(ग) आयोजना स्विकृत नभएमा सेवाग्राही / उपभोक्ताहरुबाट लिइएको धरौटी वापतको रकम फिर्ता गरिनेछ ।

## ४.७ विस्तृत आयोजना प्रतिवेदनको तयारी (**Detail Project Report**)

(क) स्विकृत सम्भाव्यता अध्ययनको परिधिभित्र रहेर विस्तृत सर्भेक्षण, डिजाइन एवं लागत इस्टिमेट सहितको विस्तृत योजना प्रतिवेदन (Detail Project Report) तयारी गरिनेछ ।

(ख) विस्तृत योजना प्रतिवेदनमा मुख्यत योजनाको कूल लागत तथा योजनामा उपभोक्ता र कार्यालयले गर्नु पर्ने कार्यहरु र ब्यहोर्नु पर्ने लागत सहितको विवरणहरु प्रष्ट हुनु पर्नेछ ।



Scanned by CamScanner

(ग) योजना निर्माणको निम्ति तयार गरिएको संरचनाहरुको ड्रइङ तथा डिजाइन सम्भव भएसम्म सम्बन्धित क्षेत्रले प्रचलनमा ल्याइ रहेको इन्जिनियरिङ डिजाइनको मापदण्ड (PDSP Manual) अनुरुपको हुनु पर्नेछ ।

(घ) तयार भएको कूल लागत सहितको विस्तृत आयोजना प्रतिवेदन (DPR) आ.प्र. सम्बन्धि नियमावली बमोजिमको निकाय र अधिकारीबाट स्विकृत गरिनेछ ।

४.८ उपभोक्ता संस्था दर्ता

(क) विस्तृत आयोजना प्रतिवेदन स्विकृत हुँदा सम्ममा सम्बन्धित सेवाग्राही / उपभोक्ताहरुले आफ्नो उपभोक्ता संस्था नियमानुसार दर्ता गरी सक्नु पर्नेछ (आवश्यक भएमा) ।

(ख) मन्त्रालय/ कार्यालयले सम्बन्धित सेवाग्राही /उपभोक्ताहरुसँग आवश्यक छलफल गरेर मात्र आयोजना (DPR) को कार्यान्वयन गरिनेछ ।

४.९ उपभोक्ता संस्था संग सम्झौता

(क) उपभोक्ता संस्थाले गर्नु पर्ने र कार्यालयले सम्पन्न गर्नु पर्ने कामहरुको सम्बन्धमा कार्यालय र उपभोक्ता संस्थाको बीचमा लिखित सम्झौता हुनु पर्नेछ ।

४.१० योजनाको निर्माण तथा परीक्षण

(क) योजनाको संरचनाहरुको निर्माण कार्य सम्बन्धित आर्थिक ऐन र नियमको सिमा भित्र रही गराइनेछ।

(ख) निर्माण कार्यको आवश्यक अनुगमन निरिक्षण तथा रेख देख कार्यालय र उपभोक्ता संस्थाबाट बनेको संयुक्त समिति (Joint Committee) मार्फत गरिनेछ ।

(ग) निर्माण कार्यको गुणस्तर सम्बन्धित क्षेत्रको प्रचलित मापदण्ड र नर्मस अनुरुप भएको हुनु पर्नेछ ।

(घ) निर्माण कार्य सम्पन्न भए पश्चात उक्त निर्मित योजनाको अन्तिमपरिक्षण (Final Test) अनिवार्यरुपले गरिनेछ ।



Scanned by CamScanner

### ४.११ हस्तान्तरण

(क) योजनाको निर्माण कार्य सम्पन्न भए पश्चात कार्यालय र सम्बन्धित उपभोक्ता संस्था / सेवाग्राही / स्थानीय जनप्रतिनिधिहरुको संयुक्त समूहले अन्तिमनिरिक्षण तथा परिक्षणगर्नेछ ।

(ख) अन्तिम निरिक्षण एवं परिक्षणको क्रममा यदी निर्माण कार्यमा कुनै त्रुटी वा कमी कमजोरी देखिएमा उक्त त्रुटी वा कमी कमजोरीलाई तुरुन्त सच्याउन लगाइनेछ ।

(ग) योजनाको अन्तिम निरिक्षण एवं परिक्षणकोसफलता पश्चात कार्य सम्पन्न भएको प्रतिवेदन तयार गरी सो प्रतिवेदनमा सम्बन्धित उपभोक्ता संस्था / सेवाग्राही र कार्यालय दुबैको तर्फबाट कार्य सम्पन्न प्रतिवेदनमा हस्ताक्षर गरिनेछ ।

(घ) सफलता पूर्वक कार्य सम्पन्न भएको योजनाको सम्बन्धित उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ र उक्त हस्तान्तरित योजना सम्बन्धित उपभोक्ता संस्थाले बुझिलिनु पर्नेछ (आवश्यक भएमा) ।

### ४.१२ मर्मत संभार एवं संचालन

(क) सम्पन्न योजनाको मर्मत संभार एवं संचालनको आवश्यक ब्यवस्था सम्बन्धित उपभोक्ता संस्था / सेवाग्राहीले नै गर्नु पर्नेछ ।

(ख) सम्बन्धित सेवाग्राही / उपभोक्ता संस्थाबाट सम्पन्न गर्न नसक्ने प्रकृतिका तथा योजनाको क्षेत्रमा अप्रत्यासितरुपले आइ परेका विपद् जस्ता कार्यहरुमा भने कार्यालयले आवश्यक प्राविधिक एवं आर्थिक सहयोग गर्न सक्नेछ ।

(ग) सेवाग्राही / उपभोक्ता संस्थालाई आवश्यक पर्ने योजनाको मर्मत संभार, संचालन एवं व्यवस्थापनको लागि चाहिने आवश्यक ज्ञान, शिप,र क्षमता अभिवृद्धि सम्बन्धि तालिम मन्त्रालय / कार्यालयले ब्यवस्था गर्नेछ ।



Scanned by CamScanner

### ४.१३ आयोजनाबाट हुने असरको मुल्यांकन र पृष्ठपोषण

(क) सम्बन्धित सेवाग्राही / उपभोक्ताहरुलाई योजना संचालनबाट भएको प्रत्यक्ष प्रतिफल, असर र उपलब्धिहरुको सम्बन्धमा मन्त्रालय / कार्यालयले आवश्यक असर मुल्यांकन (Impact Assessment) गरी सम्बन्धित निकायहरुमा पृष्ठपोषण (Feedback) दिनेछ ।

## परिच्छेद – ५

## विविध


५.१ यस निर्देशिकामा मन्त्रालयले आवश्यकता अनुसार तथा समायानुकुल आवश्यक परिमार्जन तथा हेरफेर गर्न सक्नेछ ।

५.२ यस निर्देशिकामा उल्लेख गरिएका बुंदाहरुमा कुनै दुविधा उत्पन्न भएको खण्डमा सो दुविधाको समाधान मन्त्रालयले गर्नेछ ।



Scanned by CamScanner

## योजना कार्यान्वयन प्रक्रियाका चरणहरु :






Scanned by CamScanner

अनुसूची – १(क)

## सडक योजनाको माँग फारम

श्रीमान् प्रमुखज्यू,

भौतिक पूर्वाधार विकास मन्त्रालय / कार्यालय

विषय – सडक योजनाका बारेमा ।

१. योजनाको नाम :

२. योजना स्थल :

जिल्ला :

निर्वाचन क्षेत्र: गा.पा./न.पा.:

३. योजना प्रकृती :

नयाँ/क्रमागत/मर्मत संभार/ पुनरनिर्माण/सुदृढिकरण/स्तर उन्नती

४. सडककोनाप :

अनुमानित लम्बाई (कि.मी.):

शुरु स्थान : अन्तिम स्थान :

५. सम्भाव्यता अध्ययन भए नभएको :

६. विस्तृत अध्ययन भए नभएको :

७. बातावरणीय अध्ययन भए नभएको :

८. कामको प्रकृति(नयाँ ट्र्याक खोल्ने, ग्राभेलिङ गर्ने, कालोपत्रे गर्ने, नाली निर्माण गर्ने, टेवा पर्खाल लगाउने, अन्य प्रकृतिको काम भए उल्लेख गर्ने)

९. लाभान्वित सेवाग्राही : घरधुरी संख्या : जनसंख्या:

१०. बिवाद भए नभएको :

११. अन्य :

१२. माँग गर्ने व्यक्ति / संस्था / समितिको नाम, ठेगाना र दस्तखत सहितको विवरण :



Scanned by CamScanner

अनुसूची – १(ख)

## पुल/झुर्लुङ्गे पुलको योजनाको माग फारम

श्रीमान् प्रमुखज्यू,

भौतिक पूर्वाधार विकास मन्त्रालय / कार्यालय

विषय –पुल / झुर्लुङ्गे पुलको योजनाका बारेमा ।

१. योजनाको नाम :

२. योजना स्थल :

जिल्ला :

निर्वाचन क्षेत्र :गा.पा/न.पा. :

३. योजना प्रकृती :

नयाँ/क्रमागत/मर्मत संभार/ पुनरनिर्माण/सुद्दढिकरण/स्तर उन्नती

४. नदीको प्रकृति :

नदीको नाम :

नदीको स्तर : हिउँदमा: बर्षातमा :

५. नदीको दायाँ किनारको स्थान/ठेगाना :

६. नदीको बायाँ किनारको स्थान/ठेगाना :

७. लभान्वित सेवाग्राही : घरधुरी संख्या : जनसंख्या:

८. सम्भाव्यता अध्ययन भए नभएको :

९. विस्तृत अध्ययन भए नभएको :

१०. बातावरणीय अध्ययन भए नभएको :

११. बिवाद भए नभएको :

१२. अन्य :

१३. माँग गर्ने व्यक्ति / संस्था / समितिको नाम, ठेगाना र दस्तखत सहितको विवरण :



Scanned by CamScanner

अनुसूची – १(ग)

## सिंचाइ योजनाको माँग फारम

श्रीमान् प्रमुखज्यू,

भौतिक पूर्वाधार विकास मन्त्रालय / कार्यालय

विषय – सिंचाइ योजनाको बारेमा ।

१. जिल्ला ............................ गा.पा./न.पा. .......................... वडा नं. ............... ठाउँको नाम ..................................

२. सिंचाइको किसिम (कुलो/नहर, पोखरी, लिफ्ट, ट्युववेल, पाइप, बाँध र अन्य)

..................................

..................................

३. माँग भएको ठाउँ :

४. माँग गर्नु पर्नको कारण :

(क)

(ख)

५. सिंचाइ गर्नु पर्ने क्षेत्रको (जग्गाको) विवरण :

(क)

(ख)

६. निर्माण गर्नु पर्ने सिंचाइ संरचनाको विवरण:

(क)

(ख)

७. सिंचाइ योजना निर्माण भएपछि हुन सक्ने लाभ

क)

(ख)

८. बिवाद भए नभएको :

९. अन्य :

१०. माँग गर्ने व्यक्ति / संस्था / समितिको नाम, ठेगाना र दस्तखत सहितको विवरण :



Scanned by CamScanner

अनुसूची – १(घ)

## जलउत्पन्न प्रकोप व्यवस्थापन योजनाको माँग फारम

श्रीमान् प्रमुखज्यू,

भौतिक पूर्वाधार विकास मन्त्रालय / कार्यालय

विषय - जलउत्पन्न प्रकोप व्यवस्थापन योजनाको बारेमा ।

१. जिल्ला ............................ गा.पा./न.पा. .......................... वडा नं. ............... ठाउँको नाम ...................................

२. प्रकोपको प्रकृति (नदि कटान, डुवान, पुरान, पहिरो र अन्य)

...................................

३. प्रकोप भएको ठाउँ :

४. प्रकोप भएको मिति :

५. प्रकोपको कारण :

(क)

(ख)

६. प्रकोपबाट हानी भएको / हानी हुने विवरण :

(क)

(ख)

७. प्रकोपबाट बच्न गरिएको प्रयास :

८. अब गर्नु पर्ने कार्यहरु :

(क)

(ख)

९. अन्य :

१०. माँग गर्ने व्यक्ति / संस्था / समितिको नाम, ठेगाना र दस्तखत सहितको विवरण :



Scanned by CamScanner

अनुसूची – १(ङ)

## खानेपानी योजनाको माँग फारम

श्रीमान् प्रमुखज्यू,

भौतिक पूर्वाधार विकास मन्त्रालय / कार्यालय

विषय – खानेपानी योजनाका बारेमा ।

१. जिल्ला ............................ गा.पा./न.पा. .......................... वडा नं. ............... ठाउँको नाम ..................................

२. खानेपानीयोजनाको प्रकृति : (मुल, खोला, पोखरी, लिफ्ट, ट्युववेल,वर्षातको पानी संकलन, बाँध र अन्य)

..................................

३. योजना माँग भएको ठाउँ :

४. योजना माँग गर्नु पर्नेको कारण :

(क)

(ख)

५. खानेपानी पुऱ्याउनु पर्ने अनुमानित संख्या (जग्गाको)को विवरण :

(क) घरधुरी :

(ख) जनसंख्या :

६. निर्माण गर्नु पर्ने खानेपानी योजनाको संरचनाहरुको विवरण:

(क)

(ख)

७. खानेपानी योजना निर्माण भएपछि हुन सक्ने लाभ

(क)

(ख)

८. बिवाद भए नभएको :

९. अन्य :

१०. माँग गर्ने व्यक्ति / संस्था / समितिको नाम, ठेगाना र दस्तखत सहितको विवरण :



Scanned by CamScanner

अनुसूची – १(च)

## शहरी विकास तथा भवन निर्माण योजनाको माँग फारम

श्रीमान् प्रमुखज्यू,

भौतिक पूर्वाधार विकास मन्त्रालय / कार्यालय

विषय – शहरी विकास तथा भवन निर्माण योजनाको बारेमा ।

१. जिल्ला ............................ गा.पा./न.पा. .......................... वडा नं. ............... ठाउँको नाम ...................................

२. शहरी विकास तथा भवन निर्माण योजनाको प्रकृति(भवन, पार्क, टावर, बसपार्क, रंगशाला, खेलमैदान, बगैंचा, एकिकृत बस्ती विकास, आवाशिय भवन, प्रतिक्षालय, संग्राहलय, हरियाली उद्यान अन्य) ...................................

३. योजनामाँग भएको ठाउँ :

४. योजनामाँग गर्नु पर्नको कारण :

(क)

(ख)

५. योजना लाइ अवशयक पर्ने अनुमानित क्षेत्र (जग्गाको)को विवरण :

(क)

(ख)

६. निर्माण गर्नु पर्ने योजनाका संरचनाहरुको विवरण:

(क)

(ख)

७. योजना निर्माण भएपछि हुन सक्ने लाभ :

(क)

(ख)

८. विवाद भए नभएको :

९. अन्य :

१०. माँग गर्ने व्यक्ति / संस्था / समितिको नाम, ठेगाना र दस्तखत सहितको विवरण :



Scanned by CamScanner

अनुसूची – १(छ)

## विद्युत / उर्जा योजनाको माँग फारम

श्रीमान् प्रमुखज्यू,

भौतिक पूर्वाधार विकास मन्त्रालय / कार्यालय

विषय – विद्युत / उर्जाका योजनाका बारेमा ।

१. जिल्ला ............................ गा.पा./न.पा. .......................... वडा नं. ............... ठाउँको नाम ...................................

२. विद्युत / उर्जाका योजनाकोप्रकृति(जलविद्युत, सौर्य, वायु, इन्धन, विद्युतिकरण, ट्रान्सफर्मर जडान, विद्युत स्टेसन निर्माण र अन्य): ...................................

३. योजना माँग भएको ठाउँ :

४. योजना माँग गर्नु पर्नेको कारण :

(क)

(ख)

५. योजना लाइ आवश्यक पर्ने अनुमानित क्षेत्र (जग्गाको)को विवरण :

(क)

(ख)

६. निर्माण गर्नु पर्ने योजनाका संरचनाहरुको विवरण:

(क)

(ख)

७. योजना निर्माण भएपछि हुन सक्ने लाभ :

क)

(ख)

८. विवाद भए नभएको :

९. अन्य :

१०. माँग गर्ने व्यक्ति / संस्था / समितिको नाम, ठेगाना र दस्तखत सहितको विवरण :



Scanned by CamScanner

अनुसुची - २

## माननीय सांसदको सिफारिस पत्र

श्री भौतिक पूर्वाधार विकास मंत्रालय / कार्यालय

प्रदेश नं. १, विराटनगर ।

उपरोक्त सम्बन्धमा यो प्रदेश नं. १ को जिल्ला ............................................................ गा.पा./न.पा. ...................... वार्ड नं. ............ को स्थानमा ................................ मा .................................................................. स्थानीय सेवाग्राही / उपभोक्ताहरुले ............................................ निर्माण / मर्मत सुधार / सुदृढिकरण / स्तरोन्नती गर्नलाई माँग गरिएको योजना उपयुक्त भएको तथा उक्त योजना संचालन भएपछि त्यहाँका सेवाग्राही / उपभोक्ताहरुलाई योजनाबाट प्रत्यक्ष फाइदा पनि हुन सक्ने भएको हुँदा उक्त योजनाको छनौट तथा निर्माणको लागि प्रदेश सरकार स्थित भौतिक पूर्वाधार विकास मन्त्रालयमा सिफारिस गरिएको छ ।

....................................

मा. सांसद

नाम :

ठेगाना :

जिल्ला :

निर्वाचन क्षेत्र :

फोन नं./ मो.नं. :

Scanned by CamScanner

अनुसुची - ३

## सेवाग्राही / उपभोक्ताको प्रतिवद्धता पत्र

श्री भौतिक पूर्वाधार विकास मंत्रालय / कार्यालय

प्रदेश नं. १, विराटनगर ।

यो प्रदेश नं. १ को जिल्ला .................................. गा.पा./न.पा. ......वार्ड नं. ............ को स्थानमा ............................................ नयाँ निर्माण / मर्मत सुधार / सुदृढिकरण / स्तर उन्नती गर्नलाई यो योजना माँग गरेका छौं ।

उक्त माँग गरेको योजनाको छनौट तथा निर्माण हुने भएमा ती योजनामा लाग्ने नियम अनुसारको लागत सहभागिता / जनसहभागिता ब्यहोर्न हामी मन्जुर छौं भनी हाम्रो समूहले यो प्रतिवद्धता पत्र प्रदेश सरकार स्थित भौतिक पूर्वाधार विकास मन्त्रालयमा पेश गरेका छौं ।

.........................................

सेवाग्राही / उपभोक्ता (अध्यक्ष)

नाम :

ठेगाना :

जिल्ला :

निर्वाचन क्षेत्र :

फोन नं./ मो.नं. :



Scanned by CamScanner